मर्स्याङ्दी गाउँपालिकाको अधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्ष: २ | अङ्क: १५ | मिति: २०८१ श्रावन १० गते, बिहीबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति



गाउँसभा

## मर्स्याङ्दी गाउँपालिका आ.व. २०८१/८२ को निति तथा कार्यक्रम र बजेट प्रस्तुतिकरण सहितको सत्रौं गाउँसभा सम्पन्न ।




*तस्विर श्रोत: १७ औं गाउँसभा अधिवेशन, बैठक*

***मर्स्याङ्दी गाउँपालिकाको सत्रौं (१७ औं) गाउँसभाले आ.व २०८१/०८२ को लागि रु. ५२,४९,७४,९४३/- बजेट पारित।***



*तस्विर श्रोत: १७ औं गाउँसभा अधिवेशन, बैठक*

**असार - १०, मर्स्याङ्दी गाउँपालिका**

आ.व. २०८१/८२ मा यस मर्स्याङ्दी गाउँपालिकामा नेपाल सरकारको वित्तीय समानीकरण अनुदान रु. ८ करोड ४८ लाख, प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान रु. १ करोड ४ लाख १५ हजार, नेपाल सरकारको राजश्व बाँडफाँडबाट १० करोड ६१ लाख १ रुपैंया, प्रदेश सरकारको राजश्व बाँडफाँडबाट १ करोड १२ लाख ७९ हजार, अन्तरिक राजस्व १ करोड, सशर्त अनुदान संघ सरकारबाट रु. २३ करोड ९२ लाख, समपूरक अनुदान रु. ६५ लाख, प्रदेश सरकार विशेष अनुदान रु. ४० लाख, समपूरक अनुदान रु. ६० लाख, जलविद्युत रोयल्टी रु. ३ करोड, पर्वतारोहण रोयल्टी रु. ६ लाख, वन पैदावर रोयल्टी रु. २ लाख र प्रदेश तथा स्थानीय क्षमता विकास कार्यक्रम रु. ४ लाख गरि कुल जम्मा ५२ करोड ४९ लाख ७४ हजार ९४३ रुपैंया को अनुमानित आय उपाध्यक्ष जुना माया थापाज्यूले प्रस्तुत गर्नुभएको थियो ।

उक्त विवरणमा थप्दै उपाध्यक्षज्यूले यस आर्थिक वर्ष २०८०/८१ को वित्तीय प्रगति मिति २०८१ असार ०९ गते सम्म ६८.८२% रहेको र असार मसान्तसम्म ८५% रहने र आगामी आर्थिक वर्षमा वित्तीय प्रगतिमा थप सुधार गर्दै ८६.५% पुर्याउने सभामा बताउनु भएको थियो ।

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

# आ.व. २०८१।८२ को निति तथा कार्यक्रमका महत्वपूर्ण अंशहरु ।



- एक वडा एक कृषि पशु प्राविधिकको व्यवस्था गरिनेछ ।
- कृषि एम्बुलेन्सको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।
- कृषि उत्पादनलाई प्रोत्साहित गर्न कृषि हाट मेलाहरु आयोजना गरिनेछ ।
- एक घर एक करेसाबारी, मर्स्याङ्दी गाउँपालिका भरी कार्यक्रमलाई अभियानकै रुपमा अगाडी बढाइनेछ ।
- स्थानीय लोपोन्मुख बीउबिजन, रैथाने वालीहरुको संरक्षण र प्रवर्द्धन गर्न बैङ्कको व्यवस्थापनमा जोडदिइनेछ ।
- पकेट क्षेत्रहरु घोषणा गरी एक वडा एक उत्पादनको निति तत्काल कार्यान्वयन गरिनेछ ।
- कृषि तथा पशुपन्छी बिमालाई अनिवार्य गरिनेछ ।
- पशु स्वास्थ्य शिविर आयोजना गरिनेछ ।
- कोसेली घरको स्थापना गरी कृषिजन्य उपजहरुको बजारीकरण गरिनेछ ।
- बाली उपचार शिविर आयोजना गरिनेछ ।
- राष्ट्रिय व्यक्तित्वहरु भुगोलविद् डा हर्क गुरुङ, वीर भक्ति थापा, राष्ट्रकवि माधवप्रसाद घिमिरेका चिनारी हुने स्थलहरु संरक्षण र पार्कहरु निर्माण गर्दै पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने नीति लिइनेछ ।
- मर्स्याङ्दी महोत्सव लगायत विभिन्न महोत्सवहरुको आयोजना गरिनेछ ।
- परम्परागत भिरमह शिकारलाई पर्यटनसँग जोडिनेछ ।
- जगत स्थित तातोपानी कुण्डलाई स्तरोन्नति गर्दै प्रचार प्रसार गरिनेछ ।
- स्थानीय लगानीलाई संरक्षण र प्रोत्साहन गरी बाह्य लगानीलाई आकर्षण गर्न गैर आवासीय मर्स्याङ्दी वासीहरुलाई लगानीमैत्री वातावरण तयार गरिनेछ ।
- संकट ग्रस्त सहकारीहरुको पहिचान गरी यसको व्यवस्थापनमा जोड दिईनेछ ।
- परिक्षा बोर्ड मार्फत परिक्षालाई थप प्रभावकारी र मर्यादित बनाईनेछ ।
- नैतिक एवं सकरात्मक सोँचको विकास गराउन विद्यालय स्तरिय उत्प्रेरणात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न विशेष जोडदिइनेछ ।
- मर्स्याङ्दी कप आयोजनालाई निरन्तरता दिईनेछ ।
- दिवा खाजामा थप बजेटको व्यवस्था गर्दै स्थानीय पौष्टिक खाद्य उत्पादनलाई अनिवार्य गरिनेछ ।
- प्र.अ.हरुलाई नेतृत्व विकास सम्बन्धि तालिम र तहगत प्रोत्साहन भत्ताको व्यवस्था गर्दै थप जिम्मेवार बनाईनेछ ।
- विद्यायमा स्वास्थ्य शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- हरेक माध्यमिक विद्यालयहरुमा सेनेटरी प्याड भेन्डिङ एन्ड डिस्पोजल मेसिन जडान गरिनेछ ।
- कक्षा १२ सकेर बसेका ४० विद्यार्थीहरुलाई बेसिक कम्प्युटर शिक्षाको व्यवस्था गरिनेछ ।
- विशेषज्ञ सेवा सुविधा सहिते स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।
- घरमा हुने सुत्केरीलाई शुन्यमा झार्न घरबाट प्रसुति केन्द्र सम्म निशुल्क एम्बुलेन्समा ल्याउने र पुऱ्याउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- विद्यालय स्वास्थ्य शिक्षा तथा समुदाय स्वास्थ्य शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउदै निरन्तरता दिईनेछ ।
- जङ्क फुडलाई न्यूनीकरण गर्दै स्थानीय अर्गानिक खाद्यवस्तुको प्रयोगलाई बढवा दिइनेछ ।
- अति विपन्न परिवारलाई निशुल्क स्वास्थ्य बिमाको प्रबन्ध मिलाइनेछ ।
- सफा मर्स्याङ्दी अभियानलाई निरन्तरता दिइनेछ ।
- प्लास्टिक प्लेट, कप र चम्चाको प्रयोगलाई थप कडाईका साथ निषेध गरिनेछ ।
- "म बनाउछु मेरो पालिका, समृद्ध मर्स्याङ्दी गाउँपालिका निर्माणको अभियानमा मेरो सहभागिता" भन्ने नाराका साथ स्वेच्छिक स्वयमसेवकको रुपमा युवाहरुलाई परिचालन गरिनेछ ।
- परम्परागत पानी घट्ट, ढिकी जाँतोको संरक्षण प्रवर्द्धन गरिनेछ ।
- हरेक क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिलाहरुको सहभागिता सुनिश्चित गर्न पहल गरिनेछ।
- ६० वर्ष देखि ६७ वर्ष उमेर समूहका एकल पुरुषलाई सम्मान स्वरुप उपलब्ध गराउदै आएको मासिक सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिईनेछ ।
- ७० वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकहरुलाई जिल्ला अस्पताल सम्मको निशुल्क एम्बुलेन्स यातायातको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- विपन्न वर्ग तथा विपद्या परेका बालबालिकाको सर्वाङ्गीण विकास गर्न वालसंरक्षण कोषको व्यवस्था गरिनेछ।
- "ग वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिईनेछ ।
- छुवाछुतलाई सामाजिक र कानुनी अपराधको रुपमा लिई सामाजिक विभेदको अन्त्य गरिनेछ ।

मर्स्याङ्दी बुलेटीन

वर्षः २ | अङ्कः १५ | मितिः २०८१ श्रावन १० गते, बिहीवार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## कृषि

### सुन्तलाजात खेती र जडिबुटी खेती तथा प्रशोधन सम्बन्धी दुई - दुई दिने तालिम सम्पन्न ।




मर्स्याङ्दी गाउँपालिका कृषि विकास शाखाले मिति २०८१ जेष्ठ २७ र २८ गते गौरीशंकर कृषि तथा पशुपंक्षी कृषक समुह मर्स्याङ्दी गाउँपालिका वडा नं ९, सेग्लेमा २ दिने सुन्तला जात फलफुल खेती सम्बन्धि ३६ जना कृषकहरुको सहभागीतामा स्थलगत तालिम संचालन गरेको थियो जसमा सुन्तलाजात फलफुल : जस्तै सुन्तला, कागती, सम्बन्धि वैज्ञानिक खेती प्रविधि, मलखाद व्यवस्थापन, बाली संरक्षण, जैविक मल उत्पादन तथा प्रयोग, रोग किरा पहिचान तथा व्यवस्थापन, सिँचाई, मल्चिङ (छापो) इत्यादि सम्बन्धि जानकारी तथा प्रयोगात्मक कक्षा संचालन गरिएको थियो ।







मर्स्याङ्दी गाउँपालिका - ८, भुलभुले, सामुदायिक हलमा मिति २०८१/०२/२९ र ३० गते कृषि विकास शाखाद्वारा आयोजित जडिबुटी खेती तथा प्रशोधन तालिम अध्यक्ष श्री अर्जुन गुरुङज्यूको प्रमुख अतिथित्व र जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडका भु.पू. वरिष्ठ योजना प्रमुख श्री सुदर्शन सुबेदीको प्रशिक्षणमा संञ्चालित तालिममा करिव ६० जनाको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा अध्यक्ष गुरुङले मर्स्याङ्दी गाउँपालिकामा जडिबुटी खेतीको प्रवल सम्भावना रहेको र बाँझो, कम मलिलो माटोमा प्राविधिक ज्ञान हासिल गरी सजिलै जडिबुटी खेती गर्न सकिने बताउनु भयो ।

## रोजगार




### *श्रमको सम्मान, राष्ट्रको अभियान ! न्यूनतम रोजगार, नागरिकको अधिकार !!*

- ३१ जेठ, २०८१, भुलभुले, लमजुङ ।

मर्स्याङ्दी गाउँपालिका प्रधानमन्त्री रोजगार कार्यक्रमको आयोजनामा आन्तरिक रोजगारी सृजनाका अवसर, सम्भावना र चुनौती विषयक "रोजगार संवाद कार्यक्रम २०८१" मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न । उक्त कार्यक्रममा मर्स्याङ्दी गाउँपालिकाका जनप्रतिनिधि, विभिन्न संघ संस्थाका प्रतिनिधि, व्यवसाही, निर्माण व्यवसाही, पालिका भित्र रहेका समितिका प्रतिनिधिहरु, समाजसेवी व्यक्तित्वहरु र कर्मचारीहरुको उपस्थिति रहेको थियो भने यस पालिका भित्र रोजगारीको अवस्था र नयाँ रोजगारीको अवसरलाई कसरी वढ्वा दिन सकिन्छ भन्ने विषयमा छलफल गरिएको थियो ।

## स्वास्थ्य

### मर्स्याङ्दी गाउँपालिका वडा नं. ७ ङाडी स्थित भुलभुले स्वास्थ्य चौकीमा दुईदिने निःशुल्क स्त्री रोग तथा जनरल स्वास्थ्य शिविर सम्पन्न ।

मर्स्याङ्दी गाउँपालिकाको आयोजना, GREEN CITY अस्पतालको प्राविधिक सहयोग र MUTU Foundation Kathmandu, Manoj association France र MedNepal Tour france को आर्थिक सहयोगमा स्त्री रोग तथा क्यानसर विशेषज्ञ डा. अनिता थापा, ग्रिन सिटि अस्पतालमा जनरल फिजिसियन डा. निदान रावल, डा. राहुल बुढाथोकी अल्ट्रासोनोलोजिस्ट डा. बिनोद शाहाको समूह द्वारा "निःशुल्क स्त्री रोग तथा जनरल स्वास्थ्य शिविर" सञ्चालन भएको थियो ।





उक्त कार्यक्रममा ६९४ जना सेवाग्राहीहरुको जाँच सम्पन्न, सेवाग्राहीहरु मध्ये स्त्री रोग (गाईनो) सम्बन्धी २५६ जना मध्ये (पाठेघरको मुखको क्यान्सर जाँच २३५ जना), साधारण जाँच (जनरल) ४३८, ई. सि. जि. १३० र भिडियो एक्से २०८ जनाले सेवा लिएका थिए ।

मर्स्याङ्दी बुलेटीन

वर्षः २ | अङ्कः १५ | मितिः २०८१ श्रावन १० गते, बिहीवार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## असल अभ्यास आदानप्रदान ।।।




कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका, स्याङ्जा जिल्लाको आँधिखोला गाउँपालिका र तनहुँ जिल्लाको म्याग्दे गाउँपालिकाको कार्यलय आदिको अध्ययन अवलोकन भ्रमण सम्पन्न ।

मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको नेतृत्वमा भएको भ्रमण दलमा मर्स्याङ्दी गाउँपालिका सामाजिक बिकास समितिका संयोजक एवं वडा नं. ७ का वडा अध्यक्ष तिल बहादुर गुरुङज्यू, पुर्वाधार बिकास समितिका संयोजक एवं वडा नं. २ का वडा अध्यक्ष चेत बहादुर गुरुङज्यू र बन तथा वातावरण बिकास समितिका संयोजक एवं वडा नं. ४ का वडा अध्यक्ष बल बहादुर गुरुङज्यू लगायत सहभागी हुनुहुन्थ्यो ।

भ्रमणमा अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष बिष्णु बहादुर के. सि.ज्यू, उपाध्यक्ष चन्द्रकला अधिकारीज्यू, प्रमुख प्रशासकीय अधिकृत बिष्णु प्रसाद पोखरेलज्यू र सूचना अधिकृत विवेक घिमिरेज्यू, आँधिखोला गाउँपालिका अध्यक्ष विश्वनाथ पौडेलज्यू, उपाध्यक्ष सीता थापाज्यू, म्याग्दे गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेज्यू, प्रमुख प्रशासकीय अधिकृत नारायण प्रसाद अधिकारीज्यू, आँधिखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज अधिकारीज्यू, ईन्जिनियर प्रकाश पौडेलज्यू र अधिकृत कृष्ण प्रसाद पोखेलज्यू लगायतको सहजीकरणमा पालिकामा भए गरेका अशल अभ्यासहरु आदान प्रदान भएको थियो ।

## मर्स्याङ्दी गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य ५१% सम्पन्न ।

मर्स्याङदी गाउँपालिको निर्माणाधिन प्रशासकीय भवन निर्माणका E–Bidding मार्फत ठेक्का प्रकृया अगाडी बढाई Shailendra–Jayajyoti–Bauddhanath JV, Bidur–10 फर्मसँग मिति २०८०-०२-२३ गतेका दिन रु ५,९७,६६,७०३.९३ (अक्षरुपी पाँच करोड सन्तानब्बे लाख छैसठ्ठी हजार सात सय तिन रुपैया तिरानब्बे रुपैयाँ मात्र) (PS र भ्याट सहित , मुल्य समायोजन बाहेक) मा सम्झौता भएको उक्त भवन बेशमेन्ट पार्किङ बाहेक ३ तल्ला रहने छन् ।



भवनमा कुल २८ वटा कोठा हुनेछन। भवनमा अध्यक्ष र उपाध्यक्षको अलग/अलग कार्यकक्ष सहितको सचिवालय कक्ष, न्यायिक समितिको कार्यकक्ष, प्रशासकीय प्रमुखको कार्यकक्ष, पालिका अन्तर्गतका सबै विषयगत शाखाका अलग/अलग कार्यकक्ष, सेवाग्राही अपांगमैत्री ग्राउन्ड फ्लोर, बेशमेन्ट पार्किङ आदि छन।उक्त प्रशासकीय भवन २०८२-०२-२३ गते भित्र सक्ने गरी सम्झौता भएको छ। यस प्रशासकीय भवन निर्माणपछि जनताले सर्वसुलभ तरिकाले सेवा पाउने विश्वास लिइएको छ भने यस निर्माणाधीन भवनको प्रगती हालसम्म ५१% भएको छ ।










### व्यक्तिगत घटना दर्ता नविकरण सम्बन्धी सूचना ।।।

**२०८१ साल श्रावन १ देखि भाद्र ३१ गते सम्म ।**

मर्स्याङ्दी गाउँपालिका भित्र रहेका सम्पूर्ण वडाहरु (१-९) वाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आउनु भएका लाभग्राहीहरुले यही मिति २०८१ भाद्र मसान्त सम्म आफ्नो सम्बन्धीत वडा कार्यालयहरुमा गएर समयमा नै सामाजिक सुरक्षा भत्ता नविकरण गर्नुहुन हार्दिक अनुरोध गर्दछौं ।

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ